२८ असोज २०६४, सोमबार (15 October 2007)

3rd Global NRN Conference

## एनआरएन तेस्रो सम्मेलन शुरु

# विकासमा भूमिकाको खोजी



गैरआवासीय नेपाली (एनआरएन) को तेस्रो विश्व सम्मेलन सोमबारदेखि राजधानीमा शुरु हुँदैछ। तीन दिनसम्म सञ्चालन हुने सो सम्मेलनले नयाँ नेपाल निर्माणमा एनआरएनहरुको भूमिका निर्धारण गर्नेछ। एनआरएनको संगठन विस्तारलाई सम्मेलनले अर्को मुख्य एजेण्डा बनाएको छ।

सम्मेलनमा विश्वका विभिन्न ४० मुलुकभन्दा बढी देशबाट करिब ५ सय एनआरएनहरु सहभागी हुनेछन्। उनीहरुले करिब एक दर्जन छुट्टा-छुट्टै 'सेसन'हरुमार्फत् नेपालको आर्थिक, सामाजिक विकासमा पुऱ्याउन सकिने योगदानका बारेमा छलफल गर्नेछन्।

आइतबार परराष्ट्र मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा तयारी समितिका संयोजक परराष्ट्र मन्त्री सहाना प्रधानले सम्मेलनले नयाँ नेपाल निर्माणमा योगदान पुऱ्याउन ठोस निर्णय लिने आशा व्यक्त गर्नु भएको छ।

संसदले एनआरएन ऐन पारित गरिसकेको बताउँदै उहाँले आवश्यकता अनुसार यसमा परिमार्जन गर्न सरकार तयार रहेको जानकारी पनि दिनु भयो।

नेपालको आर्थिक-सामाजिक विकासमा एनआरएनहरुले महत्वपूर्ण योगदान पुऱ्याउने आशा व्यक्त गर्दै परराष्ट्र मन्त्री प्रधानले उनीहरुलाई नेपालमा लगानीको आवश्यक वातावरण तयार गरिने प्रतिवद्धता जनाउनु भएको छ।

एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. उपेन्द्र महतोले सरकारद्वारा ल्याइएको ऐन अझै पनि अपूर्ण रहेकाले तत्काल संसोधन गर्न माग गर्नुभयो। ऐनमा रहेका अस्पष्टताका कारण एनआरएन विधिवत रुपमा नेपालमा दर्ता हुन समेत नसकेको उल्लेख गर्दै उहाँले आगामी डिसेम्बर अन्त्यसम्ममा सबै प्रक्रियाहरु सच्याइसक्न सरकारलाई आग्रह गर्नुभएको छ। एनआरएन नेपालमा दर्ता हुन नसकेका कारण नेपालमा लगानी गर्न र 'नेपाल इन्भेष्टमेन्ट फण्ड' स्थापनमा समेत समस्या परेको जानकारी अध्यक्ष महतोले दिनुभयो।

एनआरएनबाट अपेक्षित लगानी आउन नसक्नुमा सरकार र एनआरएन दुवै पक्ष दोषी रहेको उहाँले टिप्पणी गर्नुभयो। सरकारले लगानीको वातावरण बनाउन नसकेको गुनासो उहाँको थियो। हालसम्म शिक्षा, स्वास्थ्य, सञ्चार, पर्यटन, जलविद्युत र वित्तीय क्षेत्रमा गरी करिब ३ सय मिलियन अमेरिकी डलरको लगानी एनआरएनले नेपालमा लगानी गरिसकेको जानकारी उहाँले दिनुभयो।

संविधानसभाको निर्वाचनमा एनआरएनलाई मताधिकारको व्यवस्था गर्न महतोले सरकारसँग माग पुनः दोहोऱ्याउनु भएको छ। गत जेठमा संविधानसभाको निर्वाचन तिथी तय हुँदा आवश्यक कानुनी प्रक्रिया मिलाउन समय नपुग्ने सरकारको आग्रह स्वीकारिएको प्रसङ्ग उल्लेख गर्दै महतोले अब भने २० लाख गैरआवासीय नेपालीलाई मताधिकारको अधिकारबाट वञ्चित गर्न नपाइने बताउनु भयो। संविधानसभाको निर्वाचनका लागि आवश्यक सहयोग गर्न एनआरएन तयार रहेको जानकारी पनि उहाँले दिनुभयो।

एनआरएनलाई दोहोरो नागरिकता उपलब्ध गराउँदा नेपाललाई फाइदा हुने बताउँदै महतोले आगामी संविधानमा यसको ग्यारेन्टी गर्न सबै राजनीतिक दलहरुसँग आग्रह गर्नुभयो।

सो अवसरमा परराष्ट्र मन्त्रालयका सचिव ज्ञानचन्द्र आचार्यले एनआरएन कानुन निर्माणमा नेपालसँग अनुभव नरहेकाले कार्यान्वयन प्रक्रियामा आवश्यकता अनुसार संसोधन गर्दै लगिने जानकारी दिनुभयो।

सन् २००३ मा एनआरएनको पहिलो र २००५ मा दोस्रो विश्व सम्मेलन सम्पन्न भएको थियो। ♦

## NRNs for building new prosperous Nepal

As hundreds of non-residents Nepalis (NRNs) from 40 countries gather here for a three-day third NRN global conference, it seems that the NRN movement has made a great stride.

NRN's recognition has increasingly been growing both inside and outside the country over the years. Its national coordination committees continue to expand, with being established in a total of 38 countries, while the number of NRNs rises to reach two million. Their investment in Nepal has braced a growing trend, notwithstanding continued political instability.

More NRNs from several countries have shown willingness, eagerness, interest to take part in the conference as the number of participants keeps up rising since its beginning in 2003.

Recognizing the importance of the NRNs in the national development, the government of Nepal has attempted to woo their expertise and investment, even though their efforts have not yielded the desired results.

The aim of three-day conference that kicks off from Monday is to evolve a transparent and powerful body of NRNs and to discuss over the ways to strengthen, enhance relation among all coordination committees scattered in different countries.

Over 400 NRNs who will be participated in the event are eager to listen views of political parties over possible role that the NRNs can play in what they term new, prosperous and developed Nepal. They will try to identify the contributions that they can make in different sectors like education, health, tourism, sports, and social development. Around 400 NRNs from 40 countries will participate in the three-day event.

On the other hand, the government, policy markers, and general public have very high expectation with NRNs in the context of changed scenario in the country. As political parties announced that they are working towards creating a new Nepal, desire

*cont. 2 page*

## भित्र

- अन्तर्वार्ता: डा. उपेन्द्र महतो
- अबको रुपान्तरण
- एनआरएन: अभियान र चुनौती

सम्पादन/प्रकाशन
तेस्रो गैर आवसीय नेपाली विश्व सम्मेलनका लागि नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा सम्पादित/प्रकाशित।

# ...ऐन आंशिक छ।



**डा. उपेन्द्र महतो**, अध्यक्ष
गैरआवासीय नेपाली संघ

**डा. महतो रसिया लगायत विभिन्न देशका उद्योग व्यवसायमा संलग्न हुनुहुन्छ । नेपालमा सञ्चार, जलविद्युत, बैकिङ लगायतका क्षेत्रमा महतोको लगानी छ । तेस्रो गैरआवसीय नेपाली सम्मेलनको अवसरमा आइतबार लिइएको अन्तर्वार्ता ।**

**गैरआवासीय नेपाली अभियानको आज-सम्मको उपलब्धि के हो ?**

हामीले यस मूभमेण्टलाई दुईरुपमा हेरेका छौं । एउटा विश्वभरि छरिएर रहेका नेपालीबीच सञ्जाल बनाउने र आपसी एकता समझदारी एवं मित्रता कसरी बनाउने भन्ने उद्देश्य थियो । यो उद्देश्य पूर्णरुपमा सफल भएजस्तो लाग्छ । दोस्रो, नेपालमा आफ्नो क्षमताअनुसार के गर्न सकिन्छ भन्ने थियो । यसमा आंशिकरुपमा मात्रै सफल भएको छ । तर यो शुरुआत हो समयक्रममा पूरा हुन्छ ।

**सन् २००५ मा सम्पन्न दोस्रो विश्व सम्मेलनमा ठूला प्रतिवद्धता भएका थिए । कार्यान्वयनको स्थिति कस्तो छ ?**

त्यसबेला त्यस्तो ठूलो प्रतिवद्धता गरेजस्तो लाग्दैन । क्षमताभन्दा बढी र त्यस्तो ठूलो कुरो गरेका छैनौं । क्षमताभन्दा कमै गरिएका थिए र पूरा गर्न नसकिनेजस्तो लाग्दैन । काम नभएको होइन तर कम भएको छ । देशको अस्थिरताले पनि कार्यान्वयनमा बाधा पार्‍यो ।

**अहिले पनि देशमा स्थायित्व छैन । यसले असर पारेको छैन ?**

२००३ मा पनि संकट थियो, २००५ र अहिले पनि संकट छ । तर यसपटक के भएको छ भने आंशिकरुपमै भए पनि एनआरएन ऐन आएको छ । यसले आत्मविश्वास बढाएको छ । ऐनअनुसार हाम्रो संघ छिटै दर्ता हुने हो भने भएका समस्याहरु समाधान हुने छन् ।

**तेस्रो सम्मेलनका एजेण्डा के छन् ?**

मुख्य एजेन्डा दुईवटा छ । एउटा आफ्नै देशमा संघ दर्ता हुन नसके पनि ३८ वटा देशमा हाम्रो राष्ट्रिय समन्वय समिति छन् । यो बढ्दै जाने छ । ५५ देशमा नेपालीको बसोबास छ । उनीहरुको बीचमा पनि पारदर्शी र निर्णय लिन सक्ने संगठनात्मक संरचनाको विकास गर्ने र एक-अर्काबीचको सम्बन्ध पनि कसरी सुदृढ बनाउने भनेर एउटा संगठनात्मक छलफल हुन्छ ।

विकसित नेपाल बनाउन एनआरएनको भूमिका कस्तो हुनसक्छ भनेर हामीले जति बुझेका छौं त्यसबारेमा यहाँका राजनीतिक दल, नीति निर्माताबाट सुन्ने विचार छ ।

**गैरआवासीय नेपाली सम्बन्धी ऐन आएको छ, यसका सकारात्मक र सुधार गर्नुपर्ने पक्षहरु के के छन् ?**

ऐन आउनु आफैमा राम्रो कुरा हो । ढिला र आंशिकरुपमा पनि ठिक ऐन आयो । यसले जोस जाँगर घटाएको छ । यसमा भएको परिभाषा नै ठिक छैन । यस्तो परिभाषा किन आयो कसैले तर्कसंगत भन्न सक्ला !

ऐन वैदेशिक रोजगारीमा गएका साथीहरु र विद्यार्थीबारे पूर्णरुपमा मौन छ । नेपाली मूलका विदेशी नागरिकहरुका बारेमा धेरै शर्त राखिएका छन्, जुन झन्झटिलो छ । हामीलाई के विश्वास छ भने तेस्रो विश्व सम्मेलनले दिएका सुझावलाई लिएर नियमावली बनाउँदा पूर्ण नभए पनि आंशिकरुपमा पूरा गर्छ भन्ने मलाई विश्वास छ ।

**गैरआवासीय नेपाली संघ भनेको ठूला व्यापारीहरूको मात्रै हो भन्ने आरोप छ नि ?**

गैरआवासीय नेपाली संघ भनेको वैदेशिक रोजगारीमा गएका, विद्यार्थी सबैको हो । खाली ठूला व्यापारी तथा बौद्धिक व्यक्तिहरुको मात्रै होइन । यो सबै २० लाख गैरआवासीय नेपालीहरुको हो । देश बनाउने भनेको व्यवसायीहरुले मात्र गर्न पनि सक्दैनन् । यो नेपाल भित्र र नेपाल बाहिर बस्ने सबैको दायित्व हो । सबैको सद्भाव र सहयोग भए मात्र देश बन्न सक्छ । आज वैदेशिक रोजगारीमा जानेहरुको धेरै ठूलो धनराशी छैन होला, तर उहाँहरुले सिक्नु भएको सीप, ज्ञान देशको लागि चाहिन्छ ।

**वैदेशिक रोजगारीका लागि केही विशेष एजेण्डा छन् कि ?**

वैदेशिक रोजगारीको कुरा गर्दा अदक्षबाट नेपालीहरुलाई दक्ष बनाउनु पर्छ । उहाँहरुले पठाउने रेमिटेन्स बढाउने र विदेशमा सिकेको सीपलाई नेपालमा उपयोग गर्नुपर्छ । यो नेपालले बिना पैसा खर्च गरी पाएको सीप हो । नेपाल आइसकेपछि उहाँहरुको सीपको उपयोग गर्न सरकारले कार्यक्रम ल्याउनु पर्‍यो । वैदेशिक रोजगारीमा गएकालाई सरकारले केही सुविधा पनि दिनुपर्छ । त्यो भनेको वैदेशिक रोजगारीमा गएकालाई मैले पठाएको रेमिटेन्सबाट मेरो परिवार लाभान्वित भइरहेको छ भन्ने अनुभूति गराउनु हो । यसमा सरकारले खासै पैसा खर्च गर्नु पर्दैन । यसबारेमा सरकारले सोच्नुपर्छ र हामी यस्तो सल्लाह दिने पक्षमा छौं ।

**नयाँ ऐनले लगानीका लागि सजिलो हुन्छ होला हैन ?**

धेरै साथीहरुले १० करोड अमेरिकी डलरको नेपाल लगानी कोषबारेमा सोधिरहेका छन् । जुन कार्यान्वयन हुन सकिरहेको छैन । जब दर्ता नै भएको छैन त फण्डको काम कसरी पूरा हुन्छ । म पूर्णरुपमा विश्वस्त पार्न चाहन्छु कि संघ दर्ता भएपछि हामीलाई काम गर्न सजिलो हुन्छ । देश विकासको भूमिकामा योगदान दिन सकिन्छ ।

**यहाँले यसपटक नेतृत्व छोड्दै हुनुहुन्छ हैन ?**

नेतृत्व भनेको कुरा मलाई त्यति आवश्यकजस्तो लाग्दैन । किनभने कुनै व्यक्ति विशेषले गरेर मात्रै संस्था राम्रो चल्छ भन्ने होइन । मैले त ४० देशमा गएर नेपालीलाई भेट्ने मौका पाएको छु । मलाई के लाग्छ भने २० लाख नेपाली जो विदेशमा बसिरहेका छन् अध्यक्ष पदको लागि सक्षम र उपयुक्त व्यक्ति हुनुहुन्छ । त्यसकारण हाम्रो संघमा अध्यक्ष को हुने भन्दा पनि सामूहिकरुपमा छलफलबाट तय गरिनेमा आशावादी छु । म पनि ४-५ वर्ष दिन-रात यसैमा लागेको छु । मैले बाहिर बसेर सहयोग गर्ने अठोट लिएको छु ।

**तपाईंको कोही उत्तराधिकारी छ कि ?**

हाम्रो संस्थामा त्यस्तो प्रणाली छैन । २० लाख गैरआवासीय नेपाली यसका लागि सक्षम छन् । यसपटकको वार्षिक साधारणसभाले यसलाई विस्तृत छलफल गरेर २० लाखमा पनि सबै सक्षम हुँदाहुँदै पनि एकजनालाई हामीले छान्छौं ।

**तपाईंलाई नै नेतृत्व सम्हाल्ने आग्रह भयो भने रूची छ कि छैन ?**

अहिले पनि जिम्मेवारी बोकेको छु । मेरा व्यक्तिगत समस्याहरुलाई पनि ध्यानमा राखिकन साथीहरुले 'हैन तपाईंले नै जिम्मेवारी लिनैपर्‍यो' भन्नुभयो भने विचार चाहिँ गर्नुपर्ला । तर मेरो भित्री चाहना भने अर्को सक्षम नेतृत्व नै आओस् भन्ने हो । ♦

*cont. from page 1*

## NRNs for building ...

and need to lure NRNs' expertise and investment has grown as never before. The possible contribution of two million NRNs in terms of capital, expertise and corporate culture is expected to be a boon to build new Nepal.

"We are expecting the investment of NRN to escalate in the coming days for sustainable development of Nepal, as the Interim Parliament has already endorsed the NRN Act," said Minister for Foreign Affairs, Sahana Pradhan, speaking at a pre-event press conference.

Gyan Chandra Acharya, secretary at the Ministry of Foreign Affairs assured that the NRN regulations will be put in place by December, clearing the way for fostering its activities.

Till date, the NRNs have made investment amounting to US$ 300 in different areas like education, health, communication, tourism, hydropower, and financial sector, according to Dr Upendra Mahato, president of Non-Resident Nepali Association (NRNA), International Coordination Committee.

During the global conference, NRNs will once again raise demand for dual citizenships. "The dual citizenship is not only beneficial for the NRNs, but more importantly to the whole Nepal. As this issue is related to the constituent assembly, it is very high time to begin raising the issue," said Mahato.

He also demanded that NRNs be allowed to cast a vote in the upcoming election of constituent election assembly. "We showed earlier flexibility due to time constrains for the election set for November 22. But, with its postponement, we must be given a chance," he said.

When the movement of NRNs began four years ago, people have serious doubt that this organization would scale the height where it is today. As the movement gathers momentum, the flow of money from NRNs for social activities--which is commendable-- gets piled up.

Notwithstanding such development, a string of problems has stood as a hurdle on the way to the NRN's role in the development of Nepal at a time when the country is in dire need even to help peace process by creating new employment opportunities.

The major obstacles stumbling on promoting NRN investment is absence of necessary laws. Even though the government has formulated the Act, it has not come into implementation due to absence of required regulations.

Mahato said though the NRNs committees have been established in 38 countries, it has been unable to see its registered in Nepal. ♦

# अबको रूपान्तरण



तेस्रो सम्मेलनसम्म आइपुग्दा गैरआवासीय नेपाली अभियान मजबूत मात्र भएको छैन, कानुनी र पहिचान दुवैको मान्यता पाएको छ। विश्वभर बस्ने नेपालीसम्म यो संस्था पुगेको छ। सम्मेलनमा भाग लिन आउने नेपालीको संख्या वढ्नुले यही पुष्टि गर्छ। विदेशमा बस्ने नेपालीको संख्या सन् २००५ मा १४ लाखबाट बढेर २००७ मा २० लाख पुगेको छ। यो सानो संख्या होइन। आउने दिनमा अझ बढ्ने भएकाले यो अभियान विस्तार हुनेछ।

यो अवधिमा गैरआवसीय नेपालका गुनासोहरु सुनिएका छन् आश्वासन दिएअनुसार जति हुनुपर्ने हो, त्यति उपलब्धि भएको छैन। तर, केही नभएको भने होइन। यो अभियानलाई कानुनी मान्यता दिन ऐन आएको छ। नियमावली पनि केही महिनाभित्रै ल्याउन सरकारले फेरि प्रतिवद्धता जनाएको छ।

अभियानको रुपमा अघि बढेको यो उपलब्धिलाई संस्थागत बनाउन अब ढिलो गर्नु हुँदैन। संस्थागत बनाउने जिम्मेवारी नेपाल सरकार, नीति-निर्माता स्वदेशमा बस्ने र गैरआवासीय नेपाली सबैको हो। देशको आर्थिक पछौटेपन हटाउन र मुलुकको रुपान्तरण गर्न सहकार्यको आवश्यकता छ।

नेपालले विदेशीलाई लगानीका लागि स्वागत गर्दै आएको छ। तर तीव्रगतिले आर्थिक विकास गरिरहेका चीन र भारतको बीचमा रहेको नेपाल विदेशी लगानीकर्ताका लागि अनुकूल भइसकेको छैन। द्वन्द्व सकियो तर राजनीतिक निकासका लागि अझ समय लाग्ने अवस्था छ। यो बेलासम्म आर्थिक विकासका लागि पर्खनु अर्को जोखिम हुनेछ। बेरोजगार, पछौटेपन र गरिबीले युवामा निराशा बढाउने खतरा रहन्छ। यो चुनौती सामना गर्न एनआरएनको लगानी आवश्यक छ। विदेशमा पूँजी आर्जन गर्ने नेपालीका लागि नेपाल आकर्षक र ठूलो गन्तव्य हुनसक्छ। लगानी पूँजी मात्र होइन, विदेशमा जाने ज्ञान पनि स्वदेशमा उपयोगी हुन्छ। पूँजी र आर्जित ज्ञान दुवै नयाँ नेपाल निर्माणमा उपयोगी हुनसक्छ। विदेशमा बस्नेका लागि नेपाल लगानी विविधिकरणको गन्तव्य र पूँजी तथा ज्ञान उपयोग गर्ने थलो हुनेछ।

नेपालको अर्थतन्त्र विदेशी सहयोगमा निर्भर छ। द्वन्द्व र राजनीतिक परिवर्तनपछि देशमा विदेशी सहयोग बढ्ने, पूँजी आउने आशा गरिएको थियो। तर यसअनुरुप हुन सकेन। यसका कारण पनि गैरआवासीय नेपालीसँग बढी आशा गर्नु स्वाभाविक हो।

विदेशमा बस्ने नेपालीको लगानी पनि कम छैन। यो लगानीबाट आएको प्रतिफलबाट व्यवसाय विस्तार गर्ने कार्य भइरहेको छ। यो सफल उदाहरणबाट सरकारले पाठ सिक्नु पर्छ र गैरआवासीय नेपालीका लागि यहाँ लगानीको वातावरण तयार गर्नुपर्छ।

राजा ज्ञानेन्द्रको निरंकुश शासन उत्कर्षमा चलिरहँदा गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) ले राजालाई सचेत गरायो, नेपाली जनताका मौलिक अधिकारमाथि कुनै किसिमको नियन्त्रण हामीलाई स्वीकार्य छैन। २०६३ साल चैत १४ मा एनआरएनएले प्रेस विज्ञप्ति जारी गर्दै राजालाई आग्रह गरेको थियो- प्रजातन्त्रप्रतिका तिम्रा प्रतिवद्धताहरु व्यवहारले प्रमाणित गर।

'सुन्दर, शान्त र विशाल' नेपालको परिकल्पना गर्ने एनआएनले मातृभूमिका लागि आवश्यक पर्दा राजनीतिक योगदान पुऱ्याउन सक्छ भन्ने सन्देश दिएको छ, एनआरएनले कल्पना गरेजस्तै समृद्धशाली नेपाल निर्माणका लागि पहिलो शर्त हो, नेपालको राजनीतिक व्यवस्थापन। मुलुकमा दिगो शान्ति स्थापनाको प्रयास अहिले संविधानसभाको निर्वाचन प्रक्रियासम्म आइपुग्दा अवरुद्ध बनेको छ। समस्याको गाँठो फुकाउन सात दल प्रयासरत छन्। र, उनीहरुले यसमा पनि सफलता पाउने छन् भन्ने विश्वास नेपाली जनताले गरिरहेका छन्। तर पनि सात दल आफैमा द्वन्द्व व्यवस्थापनका अनुभवी विज्ञ भने होइनन्। उनीहरुलाई पनि सबै क्षेत्रको सहयोग अहिले पनि खाँचो छ। आफूसँग रहेको ज्ञान र सीप मुलुकको शान्ति स्थापनाको प्रयासमा उपलब्ध गराएर एनआरएनले दिगो शान्ति स्थापनामा योगदान पुऱ्याउन अझै पनि बाँकी नै छ।

नेपालको विकास गर्ने, नेपाली जनताको आर्थिकस्तर माथि उकास्ने मात्रै होइन, अन्तर्राष्ट्रियस्तरमा नेपालको छविमाथि उठाएर विश्वको जुनसुकै कुनामा रहने हामी नेपाली जातिले मर्यादित रुपमा बस्न पाउने वातावरण सिर्जना गर्नका लागि पनि नेपालको राजनीतिक व्यवस्थापन सबैभन्दा पहिलो शर्त हो। गैरराजनीतिक संगठन हुँदा हुँदै पनि एनआरएनले नेपालको दिगो शान्ति स्थापनामा राजनीतिक सहयोग आवश्यक छ। विगतका यी उपलब्धि कम होइनन् तर यतिले मात्र पुग्दैन। यी सकारात्मक उपलब्धिलाई समेटेर उत्साह जगाई काम गराउन सक्ने नेतृत्व अहिलेको आवश्यकता हो। सक्षम नेतृत्वको विशेषता कुशल नेतृत्वको समूह बनाउनु पनि हो। यो अहिलेको आवश्यकता हो। संघको संगठनात्मक स्वरुपमा पनि परिवर्तनको आवश्यकता छ। विगतको अनुभवले पनि केही परिमार्जनहरु आवश्यक देखिएका छन्। तेस्रो सम्मेलनमा उत्साही सहभागीहरुले यी दुवै मुद्दामा पनि गहन छलफलको आवश्यकता छ। ♦

# सम्मेलन गतिविधि

तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलन ०६४ को पूर्वसन्ध्यामा देवघाटस्थित बृद्धा-आश्रमको उद्घाटन साहित्यिक र छलफल कार्यक्रम सम्पन्न भए। शनिबार दिउँसो देवघाटमा बृद्धाश्रमको उद्घाटन भयो। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डीराज ढकाल र गैरआवासीय नेपाली संघका अध्यक्ष डा. उपेन्द्र महतो लगायत पदाधिकारीले उक्त बृद्ध घरको उद्घाटन गर्नु भएको थियो।

उक्त अवसरमा विभिन्न व्यक्तिहरुले थप सहयोगको प्रतिवद्धता व्यक्त गरेका थिए। ५० जना बस्न सक्ने उक्त बृद्धाश्रम निर्माणका लागि करिब १ करोड ४० लाख रुपैया उठेको संयोजक जिवा लामिछानेले जानकारी दिनु भयो। गैरआवासीय नेपालीको समाजिक सेवा अन्तर्गत कार्यक्रम गरिएका हुन्। सम्मेलनको पूर्वसन्ध्यामा राजनीतिक पार्टीहरुले पनि एनआरएनहरुसँग छलफल आयोजना गरे। नेकपा माओवादी र नेपाली कांग्रेसले छलफल कार्यक्रम आयोजना गरेका थिए। यी पार्टीका विदेश विभागद्वारा कार्यक्रमको आयोजना गरिएको थियो। राजनीतिक पार्टीका नेताहरुसँग गैरआवासीय नेपालीले लगानी र आर्थिक विस्तारको वातावरण बनाउन आग्रह गरेका थिए।



आइतबार आयोजित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) तथा गैरआवासीय नेपाली एसोसिएसन तथा एनआरएन डायास्पोरा नेपाली साहित्य सेवाद्वारा आयोजित गोष्ठीमा विभिन्न वरिष्ठ कविहरुले कविता वाचन गर्नुभएको थियो। गोष्ठीको उद्घाटन राष्ट्रकवि माधवप्रसाद घिमिरेले गर्नु भएको थियो।

विदेशमा जाने नेपालीको संख्या बढेजस्तै नेपाली भाषा र संस्कृति बढाउन अनेसासले सक्दो प्रयास गरेको उहाँले बताउनु भयो। समाजले नेपाल र नेपालीको पहिचान बढाउने काम गरेको छ, उहाँले भन्नुभयो।

## स्रष्टालाई पुरस्कार प्रदान

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले गोष्ठीका अवसरमा स्रष्टाहरुलाई विभिन्न पुरस्कारबाट सम्मान गरेको थियो। सन् २०९१ मा स्थापित समाजले साहित्य विधाका विभिन्न १३ शीर्षकमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार प्रदान गर्दै आएको छ। त्यसै अनुरुप कार्यक्रममा पनि विभिन्न स्रष्टाहरुलाई सम्मानित गरिएको हो।

कार्यक्रममा यस वर्षको अन्तर्राष्ट्रिय नेपाली साहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार डा. गोविन्दराज भट्टराईलाई प्रदान गरियो। उहाँको उत्तर आधुनिक ऐना नामक कृतिलाई यो पुरस्कार प्रदान गरिएको हो। पुरस्कारको राशी एक लाख छ। ♦




# एनआरएन : अभियान र चुनौती

गैरआवासीय नेपाली संघले यो सम्मेलनमा वैदेशिक रोजगारमा रहेकाहरुले भोग्दै आएका समस्यामा केन्द्रित भई समाधानका उपायबारे छलफल हुनेछ। तेस्रो विश्व सम्मेलनमा गैरआवासीय नेपाली अभियानको अहिलेसम्मको चरण र आगामी चुनौती सम्बन्धमा पनि बहस हुनेछ। राजनीतिक पार्टी, महिला, युवा, व्यवसायी, नागरिक समाजसँग पनि छलफल हुनेछ।

सन् २००३ अक्टोबर ११ मा सम्पन्न पहिलो सम्मेलनमा विभिन्न मुलुकका करिब २ सय १० नेपाली सहभागी भएकोमा यसको तेस्रो संस्करण आइपुग्दा सहभागी संख्या दोब्बर नाघेको छ। गैरआवासीय नेपालीको कानुनी पहिचान स्पष्ट पार्ने एक मात्र मागबाट शुरु अभियानप्रति सरकार उत्साही देखिएको थियो।

सरकारले त्यसबाट माथि उठेर गैरआवासीय नेपालीको लगानी गरिबी निवारण र आर्थिक विकासमा सहयोगी हुने भएकाले कानुन परिवर्तन गरेर पनि सहुलियत दिने जनाएको थियो। प्रतिवद्धताको यो क्रम लोकतान्त्रिक सरकारको पालामा पनि कायम छ। तर कार्यान्वयनमा भने सरकार पछि परेको छ।

विदेशमा सिकेको ज्ञान र अनुभवलाई स्वदेशी उद्यमी र सरकारको साझेदारीमा राष्ट्र निर्माणका लागि सदुपयोग गर्न सरकारले दुई वर्ष लगायो। तैपनि सरकार विदेशी विनिमय व्यवस्था, विदेशी विनिमयमा आधारित लगानी, बैंकसँगको कारोबार, घरजग्गा किनबेच गर्ने अधिकार, शेयर र ऋणपत्रमा लगानी, विदेशी बैंकबाट ऋण लिने सहुलियत, श्रम नीति, कर व्यवस्था र भिसा प्रक्रियामा सहुलियत दिने उदारता देखाउने बताउँदै आएको छ।



दोस्रो सम्मेलनमा गैर-आवासीयहरुलाई छिमेकी मुलुकले झैं कानुनी हैसियत, आयकर, विदेशी मुद्रामा गरेको लगानीको प्रतिफल विदेशी मुद्रामै लैजान पाउनु पर्ने, गैरआवासीय वा नेपाली मूलको व्यक्तिले बैंकिङ माध्यमबाट स्वदेशमा रकम भि□याउँदा स्रोत देखाउनु नपर्ने, त्यसमा कुनै प्रकारको कर तिर्नु नपर्ने, १० वर्षे भिसा लगायतका सुविधा दिनु पर्ने, विदेशी नागरिकता भए पनि नेपालमा घर/जग्गा वा अचल सम्पत्ति जोड्न र बिक्री गर्न पाउने सुविधा माग गर्दै आएका छन्। दोहोरो नागरिकताको विषय बहसको केन्द्र बिन्दुमा रहने गरेको छ।

गैरआवासीय नेपालीलाई सहुलियत दिने सरकारी बाचा भने पूरा हुन सकेको छैन। सरकारी निकायमा सम्पर्क बिन्दु समेत नहुनुले यसको पुष्टी गर्छ। वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन सीपमूलक केन्द्र स्थापना गर्नुपर्ने माग पनि पूरा भएको छैन।

दुईवटा सम्मेलनले विश्वभर छरिएर रहेका नेपालीबीच सम्बन्ध स्थापना गरिसकेको छ। अब नेपालको सामाजिक तथा आर्थिक विकासका लागि विदेशमा आर्जेको सीप र पूँजी प्रयोगका उपयुक्त मौकाको खोजी तेस्रो सम्मेलनमा हुँदैछ। ♦

# लगानी मैत्री वातावरण आवश्यक

राजनीतिक अन्यौल र द्वन्द्वको अवस्था कायमै रहेकाले लगानीको प्रतिफल छिमेकी मुलुकहरुभन्दा कम भए पनि नेपालमा गैरआवासीय नेपाली (एनआरएन) हरुको लगानी बढिरहेको छ। केही जोखिम बढी लिएर पनि 'स्वदेशको माया'ले लगानी गर्न उत्साहित गरेको विदेशमा बस्ने नेपालीहरु बताउँछन्।

शान्तिस्थापनाको प्रक्रियासँगै थप लगानीका लागि गैरआवासीय नेपालीहरु उत्साही देखिएका छन्। तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन आएकाहरुको व्यवसायीसँग भइरहेको 'वन टु वान बैठक' ले पनि पुष्टी गर्छ।

विश्वभरका एनआरएनले बितेको पाँच वर्षमा ३ सय मिलियन अमेरिकी डलर (करिब २० अर्ब रुपैयाँ) लगानी गरिसकेको एनआरएनका अध्यक्ष उपेन्द्र महतोले बताउनु भएको छ। पाँच वर्षअघि भएको पहिलो सम्मेलनपछि लागानीको क्रम बढेको हो।

अवस्था अनुकूल नभए पनि एनआरएनहरुले सञ्चार, जल-विद्युत र वित्तीय क्षेत्रमा लगानी गरेका छन्। शिक्षा, स्वास्थ्य, पर्यटन र सूचना लगानी भइरहेका अन्य क्षेत्र हुन्। मोबाइल सेवा प्रदायक स्पाइस नेपाल प्रा.लि.मा एनआरएनहरुको सबैभन्दा ठूलो लगानी छ। कान्तिपुर टेलिभिजनमा पनि एनआरएनहरुको लगानी रहेको छ।

नेपालमा अन्तर्राष्ट्रिय लगानीकर्ताहरुको मुख्य चासोको क्षेत्र जल-विद्युतमा एनआरएनको लगानी बढ्दै गएको छ। उनीहरुले सानिमा, हाँडीखोला र माइखोलालगायत ठूला र साना परियोजनाहरुमा लगानीको चासो देखाउँदै आएका छन्।

सानिमा विकास बैंकलाई एनआरएनहरुले प्रवर्द्धन गरेका छन्। काठमाडौंमा रहेका मेडिकेयर र ओम नर्सिङ होममा पनि विदेशमा बस्ने नेपालीको लगानी छ। स्थानीयस्तरम स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन सामुदायिक अस्पतालमा पनि लगानी गरिएको बताइएको छ। सूचना प्रविधि तथा इन्जिनियरिङ विषय अध्ययन गराइने कान्तिपुर कलेज र एक्मी कलेजमा पनि एनआरएनहरुले लगानी गरेका छन्।

सन् २००५ मा सम्पन्न दोस्रो एनआरएन अन्तर्राष्ट्रिय सम्मेलनले ७५ वटै जिल्लामा एउटा योजना पुर्‍याउने लक्ष्य राखेको थियो। जसअनुसार हालसम्म २० योजना सञ्चालनमा आइसकेका छन्। सामुदायिक विकासको अवधारणा अनुसार सम्बन्धित जिल्लाका एनआरएनहरुलाई आफ्नो जन्मभूमिमा लगानीका लागि प्रोत्साहित गर्दै ती योजनाहरु कार्यान्वयन गरिने जानकारी परिषद्का प्रवक्ता जुगल भुर्तेलले दिनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा १४ वटै अञ्चलका एक/एक जिल्लामा ट्रेड स्कूल सञ्चालन गर्ने निर्णय एनआरएनले गरिसकेको छ। जसका लागि ३ करोड रुपैयाँ लगानी गरिनेछ। महासंघका अध्यक्ष चण्डीराज ढकालले 'पब्लिक-प्राइभेट पार्टनरशीप'बाट लगानी परिचालन गर्नुपर्ने बताए।

अनुकूल वातावरण भएको भए लगानी धेरै बढी हुन्थ्यो। 'हामीले पनि ठूला गफ गर्‍यौं। सरकारले पनि वातावरण बनाउन सकेन' आइतबार परराष्ट्र मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष महतोले भन्नुभयो, 'हामी दुवै पक्ष त्यसका लागि दोषी छौं।'

महतोले एनआरएन ऐन समयमा नल्याउनु र ढिलो गरी ल्याइएको ऐन पनि अपूर्ण रहेकाले समस्या यथावत रहेको बताउनु भयो। ऐनमा रहेका अस्पष्ट व्यवस्थाका कारण एनआरएन विधिवत रुपमा नेपालमा दर्ता हुन सकेको छैन।

नेपालमा लगानीका लागि एनआरएनले एक सय मिलियन डलरको 'नेपाल इन्भेष्टमेन्ट फण्ड' स्थापना गर्ने घोषणा गरेको थियो। तर, एनआरएन दर्ता हुन नसक्दा फण्ड स्थापना हुन सकेको छैन। यसअघि उक्त फण्ड साइप्रसमा विधिवत दर्ता गरी सञ्चालनमा ल्याउने तयारी गरिएको थियो। आगामी डिसेम्बर अन्त्यसम्म एनआरएन दर्ता भइसक्ने वातावरण बनाउन अध्यक्ष महतोले सरकारसँग माग गर्नु भएको छ। र, सरकार पनि त्यसका लागि सकारात्मक देखिएको छ। एनआरएन नेपालमा दर्ता भएपछि उक्त फण्ड पनि सञ्चालनमा ल्याइनेछ।

तर एनआरएनको पैसालाई मात्र लगानीका रुपमा व्याख्या नगर्न अध्यक्ष महतोले सबैसँग आग्रह गर्नु भएको छ। 'एनआरएनहरुसँग रहेको ज्ञान, सीप र प्रविधि पनि उत्तिकै महत्वपूर्ण छन्' महतोले भन्नुभयो 'नेपालको आर्थिक विकासका लागि यी कुराहरु पैसाभन्दा पनि थप महत्वपूर्ण छन् भन्ने कुरा सरकारले बुझ्नुपर्छ।' ♦

## Today's Program

**09:.00 hrs**
Inauguration, Cultural program
Chief Guest, Rt. Honorable Prime Minister.
Welcome Address by honorable minister for foreign affairs.
Key Note Speech-Mr Mahabir Pun
Remarks by president of NRNA
Remarks by FNCCI President.

**11:30-13:30 hrs**
First Plenary Session-Foreign Employment-Gains and Pains.

**14:30-17:00hrs**
Second Plenary Session-Contours of "New Nepal" and role of NRN Community.

**17:15-18:30 hrs**
Session Social Inclusion and Transformation.

## सूचना

तपाईंहरुका पनि नयाँ लगानी, योजना वा समाजसेवाका कार्यक्रम छन्? हामीलाई खबर गर्नुहोस्। बुलेटिनको अर्को अंकमा समावेश गरिनेछ।

सम्पर्कः
sanjay.neupane@gmail.com
मिडिया सेन्टर, सेजन